# लालीगुराँस नगरपालिका बसन्तपुर-तेह्रथुम
# मिटर जडित खानेपानी सञ्चालन तथा ब्यवस्थापन कार्यविधि २०७५

**<u>प्रस्तावनाः</u>**

लालीगुराँस नगरपालिका क्षेत्रभित्र सञ्चालन भएका मिटर जडित खानेपानीलाई ब्यवस्थित तवरले सञ्चालन तथा वितरण गरी नागरिकहरुको स्वस्थ्य खानेपानीको हकको रक्षा गर्दै खानेपानीको प्रयोगको अनुपातमा महशुल संकलन, आयोजनाको मर्मत संभार, स्रोत संरक्षण तथा जनशक्ति ब्यवस्थापन जस्ता विषयलाई सहज र ब्यवस्थित वनाउन मिटर जडित खानेपानी सञ्चालन तथा ब्यवस्थापन कार्यविधि वनाउन वाञ्छनीय भएकाले,

स्थानीय सरकार सञ्चालन ऐन २०७४ को परिच्छेद ३ दफा ११(२) को प्रकरण “ध” तथा लालीगुराँस नगरपालिकाको प्रशासकीय कार्यविधि (नियमित गर्ने) ऐन २०७५ को दफा (४) ले दिएको अधिकार प्रयोग गरी लालीगुराँस नगरकार्यपालिकाले यो कार्यविधि वनाएको छ ।

## परिच्छेद १
## प्रारम्भिक

१. सम्क्षिप्त नाम र प्रारम्भः यो कार्यविधिको नाम मिटर जडित खानेपानी सञ्चालन तथा ब्यवस्थापन कार्यविधि २०७५ रहेको छ ।

२. यो कार्यविधि तुरुन्त प्रारम्भ हुने छ ।

३. विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमाः

क. “आयोजना” भन्नाले नगरपालिका क्षेत्रभित्र संचालन भएका मिटर जडित खानेपानी आयोजनालाई जनाउछ ।

ख. “उपभोक्ता” भन्नाले मिटर जडित खानेपानी आयोजनावाट खानेपानी उपभोग गर्ने नगरवासीलाइ जनाउछ ।

ग. “जनशक्ति” भन्नाले मिटर जडित खानेपानी आयोजनामा कार्यरत प्राविधिक तथा गैर प्राविधिक कर्मचारीलाइ जनाउछ ।

घ. “नगरपालिका” लालीगुराँस नगरपालिक बसन्तपुर तेह्रथुमलाइ जनाउँ छ र सो शब्दले नगरकार्यपालिका समेतलाई जनाउँ छ ।

## परिच्छेद २
## मिटर जडान तथा रिडिङ सम्वन्धी ब्यवस्था

४. मिटर जडित खानेपानी आयोजनावाट धारा जडान गर्ने उपभोक्ताले अनुसूची १ वमोजिमको ढाचामा नगरपालिका समक्ष रीतपूर्वक निवेदन दिनु पर्ने छ ।

५. निवेदन प्राप्त भए पछि नगरपालिकावाट आवश्यक प्राविधिक अध्ययन गरी खानेपानीको स्रोतको उपलब्धता रहेसम्म एक घर एक धाराको आधारमा नगरकार्यपालिकाको निर्णय वमोजिम १५ दिन भित्र धारा जडान गरिने छ ।

६. प्राविधिक जनशक्तिलाई आवश्यक पर्ने थप जनशक्ति र मिटर जडानका लागि आवश्यक पर्ने सामग्री उपभोक्तालेनै ब्यवस्था मिलाउनु पर्ने छ ।

७. मिटर रिडिङ प्रत्येक महिनाको २५ गतेदेखि मसान्तसम्म गरिने छ ।

## परिच्छेद ३
## शुल्क सम्वन्धी ब्यवस्था

८. मिटर जडान गर्ने कार्यका लागि शेवा शुल्क वापत रु ५००। वुझाइ निवेदन दिनु पर्ने छ ।

९. खानेपानी उपभोग गरे वापत देहाय वमोजिमको मासिक शुल्क वुझाउनु पर्ने छ ।

क. १००० लिटर लाई एक युनिटमानी न्यूनतम १० युनिट सम्म रु ५०।

ख. थप प्रतियुनिट र १५। कार दरले ।

१०. उपभोक्ताहरुले मिटर रिडिङ भए पछिको मिहनाको ७ गते भित्र खानेपानी महशुल नगरपालिकाले तोकेको स्थानमा गइ वुझाउनु पर्ने छ ।

११. दफा १० वमोजिमको समय अवधिमा महशुल नवुझाए देहाय वमोजिमको विलम्व शुल्क लाग्ने छ ।

क. अर्को मिहनाको ७ गते भित्र वुझाए विलम्व शुल्क रु १५।

ख. त्यस पछिको अर्को महिनाको ७ गते भित्र वुझाए थप विलम्व शुल्क रु २५ गरी जम्मा विलम्व शुल्क रु ४०।

ग. पुन त्यस पछिको अर्को महिनाको ७ गते भित्र वुझए थप विलम्व शुल्क रु ४८ गरी जम्मा विलम्व शुल्क रु ८८। लाग्ने छ ।

घ. प्रकरण क, ख, ग वमोजिमको समय सीमाभित्र पनि महशुल नवुझाए अर्को कुनै सूचनाविना धारा काटिने छ ।

ङ. धारा काटिएपछि पुन धाराजडान गर्नु परेमा उपभोक्ताले कानुन वमोजिम पालन गर्नु पर्ने सम्पूर्ण सर्त पालन गर्छु भनि लिखित प्रतिवद्दता सहित रु ५००। तिरी नगरपालिका समक्ष निवेदन दिएमा पुन धारा जडान गर्न सकिने छ ।

१२. कार्यालयमा प्राप्त महशुल तथा सेवा शुल्क वापतको रकम वुझ्ने कर्मचारीले सम्वभ भए उसै दिन यदि सम्भव नभए सोको भोलिपल्ट नगरपालिकाको राजश्व शाखामा जम्मा गर्नु पर्ने छ ।

१३. राजश्व शाखाले रकम प्राप्त भए वमोजिमको नगदी रसिद वा भरपाइ सम्वन्धित कर्मचारीलाइ दिनु पर्ने छ ।

## परिच्छेद ४

## जनशक्ति ब्यवस्थापन सम्वन्धी ब्यवस्था

१४. आयोजना सञ्चालन तथा ब्यवस्थापन गर्नका लागि आवश्यक संख्यामा प्राविधिक तथा गैर प्राविधिक जनशक्तिको ब्यवस्थापन नगरपालिकाले निर्णय गरे वमोजिम हुने छ ।

१५. आयोजनामा आवद्द जनशक्तिको सेवा सुविधा, कार्यसर्त र समयावधि नगरपालिकाले तोके वमोजिम हुने छ ।

## परिच्छेद ५

## मुल तथा स्रोत संरक्षण सम्वन्धी ब्यवस्था

१६. आयोजना सञ्चालन भएका स्थानहरुमा मुल संरक्षणका लागि नगरपालिकाले वजेट विनियोजन गरी कार्यक्रम सञ्चालन गर्न सक्ने छ ।

१७. स्रोत संरक्षणका लागि स्थानीय उपभोक्ताहरुलाइ साझेदारीका लागि आह्वान गर्ने तथा परिचालन गर्न सकिने छ ।

१८. आवश्यक्ता अनुसार नगरपालिकाले स्रोत संरक्षणका लागि वृक्षारोपण, सीमसार संरक्षण लगायत प्राविधिक रुपले उपयुक्त थप कार्यक्रम सञ्चालन गर्न सक्ने छ ।

## परिच्छेद ६

## विविध

१९. कोष परिचालन तथा लेखापरीक्षणः

क. आयोजनावाट संकलन भएको रकम आयोजनाकै मर्मत संभार, विस्तार तथा जनशक्ति ब्यवस्थापनमा खर्च गरिने छ । यसवाट रकम अपुग हुन गएमा नगरपालिकाले रकम थप गर्ने र वढी भएमा अन्य क्षेत्रमा खर्च गर्न सक्ने छ ।

ख. आयोजनाको लेखापरीक्षण नगरपालिकाले प्रचलित कानुन वमोजिम गराउने छ ।

२०. वाधाअड्काउ फूकाउनेः यस कार्यविधिका सम्वन्धमा कुनै अस्पस्टता आएमा नगरकार्यपालिकाले सो सम्वन्धमा आवश्यक निर्णय गरी वाधाअड्काउ फुकाउने छ ।

२१. खारेजी र वचाउः यस अघि वितरण तथा जडान गरिएका धाराहरु र संकलन गरिएको महशुल, शुल्क यसै कार्यविधि वमोजिम भए गरेको मानिने छ ।

अनुसूची १
दफा ४ संग सम्वन्धित

श्रीमान प्रमुख प्रशासकीय अधिकृतज्यू
लालीगुराँस नगरपालिकाको कार्यालय
बसन्तपुर- तेह्रथुम ।

<u>विषयः खानेपानी धारा जडान गरी पाउ ।</u>

महोदय,

उपरोक्त सम्वन्धमा यस लालीगुराँस नगरपालिका वडा नं. ............... को .......................... का नाममा दर्ता कि.नं................. मा निर्माण भइ हाल वसोवास भइ रहेको घर नं............ मा मिटरजडित खानेपानी धारा जडान गर्नका लागि तपशीलका कागजात सम्लग्न राखि यो निवेदन पेश गरेको छु । प्रचलित कानुन वमोजिम उपभोक्ताले पालन गर्नु पर्ने सवै सर्त पालन गर्न मेरो मन्जुरी छ ।

तपशीलः

१. सम्वन्धित वडाकार्यालको सिफारिस
२. नेपाली नागरिकताको प्रमाण पत्रको प्रतिलिपि
३. घर भएको कि.नं. को जग्गाधनी प्रमाण पूर्जाको प्रतिलिपि
४. मालपोत/राजश्व तिरेको रसिद

निवेदकको
हस्ताक्षरः
नाम थरः
ठेगानाः